# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः १५ जुलाई २०२६
समयः १८:५० – १६:०० बजे *(अवधि १० मिनट)*

## प्रमुख समाचार

- पश्चिम बंगाल ससरकारले जीटिए को २०११ दखि २०२६ सम्म राराज्यका निकायहरूमा तथाकथित भ्रष्टाचारका आरोपहरूको जाँच गन्न एउटा न्यायिक समितिको गठन गरेको छ।
- केन्द्रिय गृहमंत्री अमित शाहले सिलगड़ीमा शीर्ष सैन्य अध्किारीहरू, बीएसएफ,एसएसबी र पुलिसका महानिदेशहरूका साथ चिकेन नेक सुरक्षा समीक्षा बैठक गर्नु हुनेछ।
- भगवान जगन्नाथ र्राा यात्रा भोली दार्जीलिङ नपहाड़, तराई , डेर्वस सहित राज्यमा भव्य रूपले निकालिनेछ।
- राज्यका वनमंत्री मनोज उराँवले सिलीगुगुड़ी ईको सेन्सिटिभ्ज जोन क्षेत्रलाई ५ देखि घटाएर एक किलोटिर गरिने प्रस्ताव केन्द्र सरकारलाई पठाईने बताएका छन्।
- टिएमसी नेतृ ममता व्यानर्जीलाई ठूलो झटका दिन्दै एकदमै विस्वस्त मदन मित्राले राजीनामा दिएका छन्।
- फिफा वर्ल्ड कपकोसेमी ाईनलमा आज राति अर्जेन्टिना र ईंगल्याण्ड भिड़ने छन्।

### भ्रष्टाचार छानबिन गर्न न्यायिक आयोग गठन

जीटिएसहित पश्चिम बङ्गालभर २०११ देखि २०२६ अवधिको संस्थागत भ्रष्टाचार छानबिन गर्न न्यायिक आयोग गठन गरिएको छ| पश्चिम बङ्गाल सरकारले सार्वजनिक प्रशासनमा पारदर्शिता र जवाफदेहिता सुदृढ गर्ने उद्देश्यले अन्तर्गत उच्चस्तरीय संस्थागत भ्रष्टाचार छानबिन आयोग गठन गरेको छ। यस सम्बन्धी अधिसूचना १० जुलाईमा जारी भई १३ जुलाई २०२६ मा कोलकाता गजेटमा प्रकाशित भएको हो। कलकत्ता उच्च न्यायालयका अवकाशप्राप्त न्यायाधीश न्यायमूर्ति बिश्वजित बसुको अध्यक्षतामा गठित एक सदस्यीय न्यायिक आयोगले सन् २०११ देखि २०२६ सम्म राज्यका विभिन्न सरकारी विभाग, निकाय तथा सरकारी अनुदान प्राप्त योजनाहरूमा भएको भनिएको संस्थागत भ्रष्टाचार, आर्थिक अनियमितता, घुस, जबर्जस्ती असुली, अधिकारको दुरुपयोग तथा सार्वजनिक कोषको दुरुपयोगबारे अनुसन्धान गर्नेछ। यस आयोगको कार्यक्षेत्रमा जीटिएलाई पनि समावेश गरिएको छ। आयोगले शिक्षा, खाद्य तथा आपूर्ति, नगरपालिका र पञ्चायत, विपद् व्यवस्थापन तथा राहत, आवास, मत्स्य, उद्योग, सार्वजनिक निर्माण विभाग, भूमि तथा भूमि सुधार विभाग साथै जीटिए लगायतका निकायहरूको छानबिन गर्नेछ। यसैगरी प्रधानमन्त्री आवास योजना, मनरेगा (१०० दिने रोजगार), मध्याह्न भोजन योजना, आपदा प्रबन्धन तथा पुनर्स्थापना कार्यक्रम लगायत केन्द्र र राज्य सरकारका विभिन्न कल्याणकारी योजनाको कार्यान्वयन तथा बजेट खर्चको पनि समीक्षा गरिनेछ।

### कैबिनेट

केन्द्रीय मन्त्रिमंडलले आज उत्तर प्रदेशमा राष्ट्रीय राजमार्ग-19 र वाराणसी रिंग रोडबीच 46 किलोमीटरभन्दा अधिक लामो 6-लेन ग्रीनफील्ड एलिवेटेड कॉरिडोरलाई स्वीकृति दिएको छ। यसलाई 'हाइब्रिड एन्युइटी मॉडल' मार्फत मन्जूरी दिएको छ। यसले शहरी आवाजाही राम्रो हुनेछ। नयाँ दिल्लीमा आज मन्त्रिमंडलको बैठकपछि सूचना अनि प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नु भयो, यस परियोजनाको जम्मा लागत 14 हजार 400 करोड़ रुपियाँभन्दा अधिक छ। यो राष्ट्रीय राजमार्ग-19 र वाराणसी रिंग

रोडबीच बिना रुकावट कनेक्टिविटी दिन्छ जसले शहरको रोड नेटवर्कमा भीड़ कम हुन्छ र शहरी आवाजाही साठीक हुनेछ। यस प्रोजेक्टको असर क्षेत्रमा यात्राको औसत समय लगभग 60 मिनटदेखि घटेर 20 मिनट हुनेछ। श्री वैष्णवले भन्नुभयो, यो परियोजना प्रमुख धार्मिक, शैक्षणिक र सांस्कृतिक स्थलहरुसम्म सम्पर्कलाई राम्रो बनाउनेछ।
मन्त्रिमंडलले 62 हजार 500 करोड़ रुपियाँ बजटको साथमा मोबाइल फ़ोन विनिर्माण योजनालाई पनि स्वीकृति दिएको छ। श्री वैष्णवले भन्नु भयो, यस योजना आगामी 5 वर्षकोम लागि लागू गरिनेछ। उहाँले भन्नु भयो, यस योजना अनुसार देशमा मोबाइल फ़ोन बनाउन पात्र बिक्रीमा 2 दशमलव दुई-पांच प्रतिशत देखि 5 प्रतिशतसम्मको प्रोत्साहन सहायता दिइनेछ।

## अमित शाह

केन्द्रिय गृहमन्त्री अमित शाह 18 जुलाईको दिन दुईदिने पश्चिम बंगाल भ्रमणमा आउनु हुनेछ। 18 जुलाई बिहान बागडुग्रा हवाई अड्डाबाट उत्तर कन्या प्रस्थान गर्नु हुनेछ। उत्तरकन्यामा भारतीय सेना प्रमुख, वायु सेनाका अधिकारीहरू तथा अन्य सैन्य अधिकारीहरू सित एउटा महत्त्वपूर्ण बैठक गर्नु हुनेछ। यस बैठकमा मुख्यमन्त्री सुभेन्दु अधिकारी पनि उपस्थित रहनुहुनेछ। यस बैठकमा चिकन नेक भनिने सिलगढी करिडोरको सुरक्षा उपायहरू बारे छलफल हुनेछ। बंगलादेशको सीमावर्ती क्षेत्रामा बंगलादेश सेना र चीनको बढ्दो गतिविधि बीच सिलगढी करिडोरलाई अभेद किलाको रुपमा विकसित गर्ने दिसामा केन्द्र सरकारले ठुलो पाइला चालेको छ। राज्यमा भाजपा सरकार आएपछि सिमा सुरक्षाका लागि मुख्यमन्त्री शुभेन्दु अधिकारीको सरकारले बीएसएफ लाई १७२.६ किलोमिटर सिमानाको तारबन्दीको लागि १०२४.७५ ऐकड जमिन हस्तान्तर गरिसकेको छ|श्री शाहको सिलगडी भ्रमण अघि नै बीएसएफ, एसएसबी,राज्य पुलिस महानिर्देशक , नागरिक प्रशासनका शीर्ष अधिकारीहरु सिलगडी आउनेछन् तथा बैठकमा भाग लिनेछन् |

## श्री जगन्नाथ रथ यात्रा

भगवान जगनाथको भव्य रथ यात्रा भोली दार्जीलिङ, खरसांग ,कालेबुङ र सिलगड़ी सहित राज्यका विभिन्न जिल्लाहरूमा भव्य रूपमा परम्परागत ढ़ंगले आयेजित गरिनेछ। भोली कोलकातामा आयेजित हुने रथ यात्रामा मुख्यमंत्री शुभेन्दु अधिकारीले स्वयं सहभागिता गर्नुहुनेछ। यसैगरी सिलगड़ीमा आयेजित रथ यात्राहरूमा पर्यटन मंत्री शंकरघोष , वित्त राज्य र परिवहन राज्य मंत्री आनन्दमय वर्मन , डुर्वसको रथ यात्रामा पार्वतीय मामिला राजयमंत्री विशाल लामा सहित भाजपाका प्रायः सांसद र विधायकळरूले आ-आफ्नो क्षेत्राका रथयात्राहरूमा सहभागिता गर्नेछन्। स्मरण रहोस सिलगड़ी ईस्कोन को रथयात्रा देखि लिएर राज्यका कैंयन रथ यात्राहरूका लागि राज्य सरकारले ५-५ लाख रूपियाँको जगन्नाथको यस रथयात्रामा भोली लाखैं भक्तहरू सामेल हनु अनुमान छ।

## दार्जीलिङ नगरपालिका

दार्जीलिङ नगरपालिकाले शहरलाई फोहोर मैला हुन देखि जोगाउन सार्वजनिक स्थानहरूलाई मैला बनाउने पर्यटकहरू तथा स्थानीय मानिसहरूमाथि जरिमाना लगाउन थालेको छ। आज दार्जीलिङ शहरमा एक विशेष अभियान चलाई निर्धारित मैला ढवांगहरूमा फोहोर मैला नफालि जताभावी फाल्नेहरूलाई जरिमाना लगाएको सामाचार प्राप्त भएको छ। कतिपय पर्यटकहरूले आफूलाई थाहा नभएकोले मैला फालेको र माफी मागेता पनि जरिमाना लगाईएको छ। नगरपालिकाले विगत एक जुलाई देखि नै शहरमा गन्दगी अर्थात फोहोर मैला फाल्नेहरू विरूद्ध कारवाही गर्न थालेको छ। नगरपालिकाले आम मानिसहरू, होटलहरू ,चालकहरू, होटल र रेष्टुरेन्ट अनि दोकानेहरूलाई शहरलाई स्वच्छ र सफाई राख्ने अनुरोध बारम्बार गर्दै आएको छ। स्मरण रहोस गत महिना राज्यकी शहरी विकास तथा नगरपालिका मामिला मंत्री श्रीमती अग्निमित्रा पाल ले दार्जीलिङ भ्रमणमा आएको बेला एउटा महत्वपूर्ण प्रशासनिक बैठक गर्नुभएको थियो। बैठकमा शहरलाई स्वच्छ र सुन्दर राख्ने आवहान गर्दै सार्वजनिक स्थललाई मैला बनाउनेहरू विरूद्ध फाईन गरिने निर्देश दिनुभएको थियो।

## ईको सेन्सिटिभ

पर्यावरण संवेदनशील क्षेत्र ESZ को दायरा ५ किलोमिटर देखि १ किलोमिटर पार्ने प्रस्ताव केन्द्र सरकारलाई पठाईनेछ। उक्त कुरा राज्यका वनमंत्री मनोज उरावले आज सिलगड़ीमा एउटा महत्वपूर्ण प्रशासनिक बैठक पछि भन्नुभयो। उहाँले पर्यटनलाई थप टेवा दिन तथा पर्यावरण को संरक्षणलाई ध्यानमा राख्दै सिलगड़ी क्षेत्रको समस्या समाधान गर्ने उदेश्यले डाकिएको यस बैठकमा पर्यटनमंत्री ड़ा. शंकर घोष , वित्त राज्यमंत्री तथा परिवहन राजयमंत्री आनन्दमय वर्मन , जिल्ला प्रशासन, वन विभागका अधिकारीहरू तथा दार्जीलिङ लोकसभा सांसद राजुविष्ट, विधायक शिखा चटर्जी आदि उपस्थित थिए। स्मरण रहोस इको सेन्सिटिभ जोन को दायरा ५ किलोटिर हुनाले सिलगड़ीको विकासलाई अवरूद्ध गरेको छ। यद्वपि पर्यावरण संरक्षण पनि एउटा महत्वपूर्ण विषय रहेको छ। धेरै समयदखि सिलगड़ीका मानिसहरूले ESZ को दायरालाई घटाएर एक किलोटिर पार्ने मांग गर्दै आएका थिए। मंत्री महोदयले भन्नुभयो .....

**टिएमसी**

टिएमसी नेतृ तथा पूर्व मुख्यमंत्री ममता व्यानर्जीका एकदमै निकट सहयोगी अनि पूर्व मंत्री मदन मित्राले टिएमसी बाट राजीनामा दिएका छन्। ममता व्यानर्जीको एकदमै विस्वस्त तथा स्थापनाकाल देखिनै ममताको साथमा रहेका मदन मित्राले पार्टी महासचिव अभिषेक व्यानर्जी विरूद्ध तिखो प्रहार गरेका छन्। पार्टीको सबै पदहरू र साधारण सदस्यता देखि त्यागपत्र दिन्दै मित्राले ममता विरोधी टिएमसी गुटमा सामेल भएका छन्। श्री मित्राले आरोप लागाउँदै भनेका छन् कि अभिषेक व्यानर्जीलाई पार्टी हितमा महासचिव पद छोड़न परामर्श दिएका थिए। तर अभिषेकले पद नछोड़दा टिएमसी आज भताभुंग भएर गएको हो। ई.डी ले एउटा घोटा मामिलामा मदन मित्राकी पत्नीलाई समन पठाएको एकदिन पछि उनले सबै पदबाट राजनीमा दिएका हुन्। उनको राजीनामाले ममता व्यानर्जीलाई ठूलो झटका लागेको छ।

**********